नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-२०८३/८४
चलानी नं. :- ६४२

## शुभकामना।

नेपालीजनको महान चाड विजयादशमी तथा शुभ-दिपावली, २०८३ को सुखद् अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरू एवम् रसुवा जिल्लावासी महानुभावहरूमा जिल्ला प्रशासन कार्यालय, रसुवा परिवारको तर्फबाट सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु, एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौ। हाम्रो संस्कृति र परम्पराको धरोहरका रूपमा रहेका यस्ता चाडपर्वले सामाजिक सद्भाव अभिवृद्धि, आपसी सम्बन्ध र भातृत्व कायम गर्दछन्। त्यसैले आ-आफ्नो संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन गर्दै यस वर्षको विजयादशमी तथा शुभ-दिपावली हर्षोल्लासपूर्वक सभ्य, भव्य र मर्यादित तवरले मनाउनु हुन समस्त जिल्लावासीहरूमा हार्दिक अनुरोध गर्दछौ। यस्ता पर्वहरूले पारिवारिक जमघट एवम् पुनर्मिलन भई खुशीयाली र हार्दिकता साटासाटको अवसर प्रदान गर्नुका साथै असत्य माथि सत्यको विजय, दुराचारमाथि सदाचारको जीत, आपसी सद्भाव र भ्रातृत्वको सन्देश दिन्छन्। यसपटकको विजयादशमी तथा शुभ-दिपावलीले ल्हेन्दे-भोटेकोशी-त्रिशुली बाढी पश्चातको सामाजिक एकीकरण, साँस्कृतिक एकता, मेलमिलाप र पुर्नःउत्थानका लागि प्रेरणा मिलोस भन्ने कामना समेत गर्दछौं।

अन्तमा, चाडपर्वको अवसरमा सार्वजनिक शान्तिमा खलल पुग्ने, सामाजिक सदभावमा असर पुऱ्याउने एवम् प्रचलित कानूनले निषेध गरेका कुनैपनि कार्य नगर्न/नगराउन समेत सबैमा अनुरोध गर्दछौं।

मिति २०८३ असोज २६ गते।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी